आज मिति २०८०/०५/०५ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सूर्य प्रसाद सेडाईको अध्यक्षतामा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका प्रमुखहरुको संयुक्त पास्थितिमा कार्यालय प्रमुख बैठक बसियो ।

उपस्थिति :-

प्रमुख जिल्ला अधिकारी श्री सूर्य प्रसाद सेडाई

स.प्र.नि.अ. श्री नेत्र प्रसाद शर्मा

प्रमुख सेनानी श्री गोविन्दजंग घिमिरे, गोरखा बा.गण

प्रहरी उपरीक्षक श्री सिताराम रिजाल, जिल्ला प्रहरी कार्यालय

सशस्त्र प्रहरी उपरीक्षक श्री कमिल कार्की, सशस्त्र बल नेपाल गण

उप अनुसन्धान निर्देशक श्री प्रज्वल खड्का, रा.अ.नि.का

मेकानिकल प्रशिक्षक (कार्यक्रम संयोजक) श्री अजित ठाकुर, ने.सा.प्र. चेतनालय

मेटेरिनरी अस्पताल तथा प.सं.वि.के. वरिष्ठ पशुचि. डा. [illegible] ठाकुर

इकाइ प्रमुख, दिनानाथ गौतम, भिविसइ, मकवानपुर

जलाधार व्यवस्थापन आयोजना सुप्रोल पोखरेल, स्थानीय जलाधार व्यवस्थापन संघ खेती, कलैयानी

फूलबारी ह.प्र.क. मकवानपुर, सूचना गुरुङ

क.प्र. हरिभक्त कंडेल वरिष्ठ विपद् प्रशासक

गोहर प्रसाद खरान का.प्र. साथ देउजी पुगिसि.

रेबति रमण झावाली, अ.ई. जलस्रोत तथा सि.वि.डि. का.

देवनाथ ढकाल, अ.ई. सहरी विकास तथा भवन आयोजना

रमेश अर्याल कोलानिका

क्षितिज सिंह, खि.उ. तथा भू.नि.कार्यालय, हेटौंडा

कृष्णप्रसाद सिलौं रा.नि.बोर्ड हेटौंडा

दिनचन्द्र गौतम, प्र.प्र.अ. सानदिसाइ. गा.पा

भीम प्रसाद शर्मा. नि.का. प्र. श्री इस्म तथा रोजगार का.

व.पा.चि. डा. विदुर ध. गौतम, निर्देशित आ.स.ई. देउंगा

प्रमुख खुर्सानी भर - रा.प.प. बागमती प्रदेश हेटौंडा - ४

प्रमुख कृषि वि.विज्ञान के.कृ.मकवानपुर

प्रमुख डा. ललिता पाण्डे जि. आ. स्वा. केन्द्र, मकवानपुर

(वै. अ.)/ त्रि.प्र. चन्द्रकला ठाकुर, वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर

प्र.बु.अ. तुलसी प्रसाद भट्टराई, आ.रा.का. हेटौंडा

डि.व.अ. शिव सापकोटा, डि.व.का. मकवानपुर

भोजराज बिनाडी, क्षेत्र कार्यालय, हेटौंडा ऑ० क्षेत्र,

राजेश कुमार आदर्श, डि.प., सडक डिभिजन, हेटौंडा

निमा डोमा शेर्पा, कर्मचारी सञ्चयकोष, हेटौंडा शाखा.

वसन्त आचार्य प्र.ति. जि.ह्रा.प्र.का. मकवानपुर

हरिराम पौडेल (इन्जिनियर) खा.पा.तथा सि.स.डि.नं.१ ६/२

पूर्णहरी सुवेदी प्रमुख नावी अधिकृत नावी कार्यालय, मकवानपुर

ओम बहादुर अधिकारी, प्रमुख मालपोत अधिकृत, मा० पो.का. मकवानपुर

प्रलाद कार्की, प्र.प्र.अ. इन्द्रसरोवर गा.पा. मकवानपुर,

देवराज चौलागाई-केन्द्र प्रमुख-व्या. तथा सि.वि.ता. केन्द्र हेटौंडा

बलराम आचार्य प्रा.ज.म.प्र.एवं सरकार केन्द्र, हेटौंडा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. यस अघि मिति २०८०-०४-०५ गते बसेको कार्यालय प्रमुख बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्दा कार्यान्वयनको अवस्था सामान्य रहेको महसुस गरियो ।

२. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १४०, मिति २०८०-०४-२१ को केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको निर्णय कार्यान्वयन विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा प्राप्त निर्णयहरू कार्यान्वयन गर्ने सम्बन्धमा देहायअनुसार गर्ने, गराउने ।

क. स्थानीय तहहरूले आ-आफ्नो कार्ययोजना बनाई प्रभावकारी रूपमा बजार अनुगमन गर्ने, गराउने । साथै विषयगत कार्यालयहरूले आ-आफ्नो क्षेत्राधिकारको विषयमा प्रभावकारी रूपमा बजार अनुगमन गर्ने, गराउने।

ख. स्वास्थ्य कार्यालय, मकवानपुरले डेंगी रोग फैलिन नदिन स्थानीय तहसँगको समन्वय र सहकार्यमा व्यापक रूपमा जनचेतनामूलक सन्देश प्रवाह गर्ने ।

ग. सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूले हरेक हप्ता कार्यालय परिसरमा लामखुट्टे तथा सोको फूल खोज र नष्ट गर कार्यक्रमलाई निरन्तरता दिने ।

३. श्री गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १३१, मिति २०८०-०५-०३ को गुनासो सुनुवाई र सम्बोधन गर्ने विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा नागरिकका तर्फबाट प्राप्त गुनासोको समयमै सुनुवाई र सम्बोधन गरी सेवा प्रवाहको गुणस्तरीयता बृद्धि तथा गुनासो सुनुवाई संयन्त्रप्रति आम नागरिकको विश्वास अभिवृद्धि गर्नका लागि सबै कार्यालयहरूले देहायअनुसार गर्ने, गराउने ।

क. गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने,

ख. कार्यालयमा रहेका उजुरी पेटिका, गुनासो पोर्टलको नियमित चेकजाँच तथा अद्यावधिक गर्ने,

ग. हेलो सरकारको पोर्टल नियमित चेकजाँच गरी गुनासोको समयमा सम्बोधन गर्ने,

घ. कार्यालयका टेलिफोन नम्बरहरूको विवरण अद्यावधिक तथा वेबसाईटमा राख्ने,

ङ. टेलिफोन सम्वादमा सेवाग्राहीमैत्री व्यवहार गरी सही सूचना सम्प्रेषण, समन्वय तथा सहजीकरण गर्ने,

च. गुनासोकर्तालाई गुनासो फछ्यौंटको अवस्थाका बारेमा सम्भव भए सम्म जानकारी गराउने,

छ. गुनासो सुनुवाइलाई प्राथमिकतामा राखी सक्रियतापूर्वक फछ्यौंट तथा सम्बोधन गरी त्रैमासिक रूपमा तालुक निकायमा पठाई सोको जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा पठाउने ।

४. कार्यालयको सौन्दर्यीकरण गर्न सबै कार्यालयहरूले प्रत्येक शुक्रबार बिहान १०:०० बजे १० मिनेट आ-आफ्नो कार्यालयको सरसफाई गर्ने । साथै, कार्यालयको सम्पत्ति/सामग्रीको उचित संरक्षण गर्ने र सो को प्रयोगमा मितव्ययिता समेत अपनाउने ।

५. कार्यालय प्रमुख बिदामा बस्नुपर्ने अवस्था भएमा अनिवार्य रूपमा बिदा स्वीकृत गराई मात्र बिदामा बस्ने । साथै, यसरी बिदामा बस्दा कार्यालयको नियमित कार्य/सेवा प्रवाह अवरूद्ध नहुने व्यवस्था मिलाउने ।

६. पशुधनमा लाग्ने लम्पी स्कीन विरूद्धको खोप तथा सचेतना कार्यक्रमलाई भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरले प्रत्येक स्थानीय तहसँगको समन्वयमा थप प्रभावकारी रूपमा अगाडी बढाउने ।

७. कार्यालयको अभिलेख/तथ्याङ्क/सूचना आदिलाई सुरक्षित तुल्याउन र खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी राख्न त्यस्ता अभिलेख/तथ्याङ्क/सूचना आदिलाई Digitization गरी राख्ने ।

८. हरेक कार्यालयले सम्भव भएसम्म प्रत्येक महिनामा कम्तिमा पनि एउटा नवप्रवर्तनात्मक/उदाहरणीय कार्य गर्ने।

सूर्य प्रसाद सेडाइ
प्रमुख जिल्ला अधिकारी
२०८०/४/१४